प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
वागमती प्रदेश कार्यालय
हेटौंडा, मकवानपुर

**डिप्लोमा तहको वर्गिकृत (निःशुल्क) छात्रवृत्ती तर्फका कार्यक्रमहरुको प्रवेश परीक्षाको रिक्त कोटाको लागि वैकल्पिक नतिजा प्रकाशन गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना ।**

**(सूचना प्रकाश मिति २०८०।०६।०४)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको पूर्व प्रकाशित सूचना अनुसार डिप्लोमा/प्रमाणपत्र तहका वर्गीकृत (निःशुल्क) छात्रवृत्ती तर्फ सम्पूर्ण कार्यक्रमहरुको मिति २०८०।०५।०२ गते संचालन सम्पन्न भएको प्रवेश परीक्षाको मिति २०८०।०५।१३ गते नतिजा प्रकाशित गरी सफल मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरुलाई मिति २०८०।०५।२२ गते कार्यालय समय भित्र तोकिएको शिक्षालयमा भर्ना हुन जानु हुन सूचित गरिएकोमा तोकिएको मिति र समयमा भर्ना हुन नगएको कारणले रिक्त रहन आएको सिटमा सम्वन्धित शिक्षालयहरुले पठाएको पत्रलाई आधार मानी भर्ना सम्वन्धी निर्देशिका अनुसार वैकल्पिक नतिजा प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । भर्नाको लागि सिफारिस भएका उम्मेदवारहरुले मिति २०८०।०६।१० गते कार्यालय समय भित्र तोकिएको शिक्षालयमा भर्ना हुन जानु हुन जानकारी गराइन्छ । सम्वन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्वन्धी निर्देशिका र सुचनामा उल्लेख भए वमोजिम परीक्षार्थीहरुले पेश गरेको सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गराउनु हुन अनुरोध छ । साथै भर्नाका लागि तोकिएका शिक्षालयका कार्यक्रमहरुमा भर्ना हुन तोकिएको अन्तिम मिति सम्ममा भर्ना हुन नआएका परीक्षार्थीहरुको जानकारी परिषद् वागमती प्रदेश कार्यालयको इमेल ठेगना exam@ctevtbagmati.org.np मा अनिवार्य रुपमा भर्ना निर्देशिकाको दफा २६ (छ) वमोजिम ३ दिन भित्रमा लिखित जानकारी गराउनु पर्नेछ ।

निर्देशक